**Tribhuvan University Journal**
**Vol. 39, No. 2: 312-324, December 2024**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v39i2.73020**

**This work is licensed under the Creative Commons CC BY-NC License.**
**https://creativecommons.org/licenses/by-nc/4.0/**

# माधुरी नानी कथामा सीमान्त वर्गीय प्रतिनिधित्व

***त्रिभुवन बरई***

*भैरहवा बहुमुखी क्याम्पस, त्रिवि, भैरहवा*
*Corresponding author: tribhuvan.barai@bmc.tu.edu.np,*

Received date: 19 March 2024 – Accepted date: 01 July 2024

## लेखसार

प्रस्तुत लेखमा सीमान्तीय अध्ययनअन्तर्गतको सीमान्त वर्गीय प्रतिनिधित्वको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा भवानी भिक्षुद्वारा लिखित 'माधुरी नानी' कथाको विश्लेषण गरिएको छ । 'माधुरी नानी' कथामा अङ्कित सीमान्त वर्गीय प्रतिनिधित्व पहिल्याउनाका निम्ति प्रस्तुत अध्ययन गरिएको हो । सीमान्तीय अध्ययनअन्तर्गतको सीमान्त वर्गीय प्रतिनिधित्वको सैद्धान्तिक पर्याधारलाई आधार मानी प्राथमिक एवम् द्वितीयक स्तरका सामग्रीको उपयोग गरी गुणात्मक शोधविधि अपनाई यस लेखलाई पूर्ण बनाइएको छ । सक्रिय प्रतिनिधित्व, परिणामगत कमजोर अवस्थाको प्रतिनिधित्व र विचारधारागत प्रतिनिधित्व गरी तीनओटा प्रारूपको केन्द्रीयतामा यस कथाको मूल्यनिरूपण प्रस्तुत लेखमा गरिएको छ । यस लेखको अन्त्यमा सीमान्त वर्गसँग सम्बद्ध पारिवारिक, सामाजिक र सांस्कृतिक समस्यालाई समाधान गरी सीमान्त समुदायलाई मानवअधिकारका साथ जीवनयापन गर्ने पारिवारिक र सामाजिक परिवेशको निर्मिति गरी सीमान्त र प्रभुत्वशाली वर्गबिचको विषमता हटाई समतामूलक समाजको स्थापना गर्नुपर्ने र त्यस कार्यबाट मानवीय श्रेष्ठता कायम भई लोकहित हुने सचेतताको सञ्चार प्रस्तुत कथामा गरिएको एवम् यस्तो लोककल्याणकारी विमर्शलाई प्रभावान्वितिपूर्ण ढङ्गले पाठकसमक्ष पुऱ्याउने विशिष्ट सिर्जनात्मक सामर्थ्य कथाकार भवानी भिक्षुमा रहेको तथा बौद्धिक वर्ग सामाजिक न्यायका निम्ति प्रतिबद्ध रहनुपर्ने सार प्राप्त हुनुलाई निष्कर्षात्मक प्राप्तिका रूपमा प्रस्तुत गरिएको छ ।

**शब्दकुञ्जी** : पितृसत्ता, प्रतिनिधित्व, लैङ्गिकता, विचारधारा, समता

## परिचय

पितृसत्तात्मक सामाजिक संरचना र आर्थिक विपन्नताका कारण निम्नवर्गीय युवतीहरूले भोग्ने अभावपूर्ण, उपेक्षित र तनावपूर्ण जीवनपद्धतिमा आधारित 'माधुरी

नानी' नेपाली साहित्यका कथाकार भवानी भिक्षुद्वारा लिखित महत्त्वपूर्ण कथा हो । उनी नेपाली साहित्यका विशिष्ट कथाकार हुन् । उनका *गुनकेसरी* (२०१७), *मैयाँसाहेब* (२०१७), *आवर्त* (२०२४) र *अवान्तर* (२०३४) कथासङ्ग्रहहरू प्रकाशित छन् । उनको *मैयाँसाहेब* कथासङ्ग्रहमा सङ्गृहीत 'माधुरी नानी' कथा राणाकालीन नेपाली समाजको अङ्कनमा आधारित रहेको छ । पितृसत्तात्मक सामाजिक र सांस्कृतिक संरचनाका आडमा महिला जातिलाई पारिवारिक र सामाजिक तहमा किनाराकृत गरिएको अवस्थाको अभिव्यक्ति उक्त कथामा गरिएको छ। सीमान्त युवतीको केन्द्रीयतामा अभिलिखित प्रस्तुत कथाका माध्यमबाट भिक्षुले सीमान्त वर्गसँग सम्बद्ध समस्यालाई पाठकसमक्ष पुऱ्याई मानवअधिकारका साथ सीमान्त वर्गले जीवनयापन गर्न पाउनुपर्ने पारिवारिक तथा सामाजिक वातावरणको निर्मिति हुनुपर्ने विमर्शको प्रस्तुति गरेका छन् । अतः वस्तुजगत्सम्बन्धी संवेदनशील विषयवस्तुमा आधारित प्रस्तुत कथाका विषयमा अनुसन्धानपरक अध्ययन हुनु आवश्यक रहेको छ ।

सीमान्त समुदायसँग सम्बद्ध विषयवस्तुको प्रतिनिधित्वलाई मुख्य आधार बनाई साहित्यिक कृतिको अध्ययन गर्ने एक महत्त्वपूर्ण सैद्धान्तिक पर्याधार नै सीमान्ती अध्ययन हो । यस अध्ययनले पारिवारिक, सामाजिक, क्षेत्रीय आदि विविध तहमा किनाराकृत वर्ग, समुदाय, क्षेत्र, राज्य आदिसँग सम्बद्ध समस्यालाई गम्भीरताका साथ उठाई सम्बद्ध सबै पक्षलाई मानव, मानवीय जीवन र मानवताप्रति संवेदनशील भई समानतायुक्त आचरण र व्यवहार अपनाउन अभिप्रेरित गर्दछ । यस अध्ययनले साहित्यिक कृतिमा सीमान्त वर्गको प्रतिनिधित्व गराइए नगराइएको कुरालाई कृतिविश्लेषणको मुख्य आधार बनाउँछ । वस्तुजगत्को वास्तविकतालाई कथानक, पात्र, सारवस्तु, दृष्टिविन्दु आदिको उपयोगका माध्यमबाट कलात्मक गद्यभाषाको प्रयोग गरी लेखिने लघु आख्यानात्मक साहित्यिक कृति नै कथा हो । यस्तो साहित्यिक अभिलक्षण वरण गर्ने एउटा महत्त्वपूर्ण कथाका रूपमा भवानी भिक्षुको 'माधुरी नानी' कथा रहेको छ । विधातत्त्व र स्वतन्त्र लेखन पद्धतिमा केन्द्रित रही प्रस्तुत कथाका विषयमा केही अध्ययन गरिए पनि सीमान्ती अध्ययनअन्तर्गतको सीमान्त वर्गीय प्रतिनिधित्वको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा यस कथाको अनुसन्धानमूलक अध्ययन गर्ने कार्यको अभाव देखिन्छ । अतः यसै अभावको परिपूर्तिका निम्ति यो अध्ययन गरिएको हो, तसर्थ सीमान्त वर्गीय प्रतिनिधित्वको सिद्धान्तका दृष्टिकोणबाट प्रस्तुत कथाको मूल्यनिरूपण गर्नुलाई यस लेखको मुख्य प्राज्ञिक समस्याका रूपमा अवलम्बन गरिएको छ । यसै प्राज्ञिक समस्यालाई शोधमूलक ढङ्गले समाधान गर्नाका निम्ति 'भवानी भिक्षुको माधुरी नानी कथामा सीमान्त वर्गीय प्रतिनिधित्व कसरी गराइएको छ ?' लाई यस अध्ययनको शोधप्रश्न तथा 'भवानी भिक्षुको माधुरी नानी कथामा समाहित सीमान्त वर्गीय प्रतिनिधित्वको विश्लेषण गर्नु' लाई यस लेखको उद्देश्य बनाइएको छ ।

मौलिक विश्लेषण पद्धति र जनहितकारी विमर्शमा आधारित भई पूर्णता प्रदान गरिएको प्रस्तुत अध्ययनले स्रष्टालाई लोकहितकारी साहित्यसिर्जना, मूल्याङ्कनकर्तालाई

साहित्यिक कृतिको मूल्यनिरूपण तथा पाठकलाई मानवजीवन र मानवताको महत्त्व बुझी सोहीअनुसारको आचरण र व्यवहार आत्मसात् गर्न प्रेरित गर्ने कार्यमा सघाउने भएकाले पुस्तकालयीय प्रयोजनका कोणले प्रस्तुत लेख औचित्यपूर्ण रहेको कुरा स्पष्ट हुन्छ। भवानी भिक्षुको 'माधुरी नानी' कथाको मात्र अध्ययन गर्नु यस लेखको कृतिगत सीमाका रूपमा रहेको छ भने सीमान्तीय अध्ययनअन्तर्गतको सीमान्त वर्गीय प्रतिनिधित्वसँग सम्बद्ध सक्रिय प्रतिनिधित्व (कथानक र पात्रविधान), परिणामगत कमजोर अवस्थाको प्रतिनिधित्व र विचारधारागत प्रतिनिधित्व गरी तीनओटा विश्लेषणीय सूचकहरूको मात्र उपयोग गर्नु यस लेखको सैद्धान्तिक क्षेत्र हो । भवानी भिक्षुको 'माधुरी नानी' कथाबाहेकका अन्य कृति तथा सीमान्तीय अध्ययनअन्तर्गतको सीमान्त वर्गीय प्रतिनिधित्वसँग सम्बद्ध उपर्युक्त प्रारूपबाहेकका अन्य पक्षको अध्ययन नगर्नुलाई यस लेखको कृतिगत र सैद्धान्तिक सीमा मानिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा अवलम्बित सामग्रीसङ्कलन, सैद्धान्तिक पर्याधार एवम् विश्लेषणको विधि र प्रारूपलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

### सामग्री सङ्कलन

पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको प्रस्तुत लेखमा आधारभूत सामग्रीका रूपमा भवानी भिक्षुको 'माधुरी नानी' कथाको चयन गरिएको छ। उक्त कथाबाट सन्दर्भ, कथानक, पात्रविधान र विचारधारासँग सम्बद्ध सामग्रीको सङ्कलन गरिएको छ । सहायक सामग्रीका रूपमा सीमान्तीय अध्ययनको सैद्धान्तिक पर्याधार एवम् विश्लेषणको विधि र प्रारूपको निर्धारण गर्नाका निम्ति विभिन्न अध्येताद्वारा गरिएका पूर्वअध्ययनहरूलाई उपयोगमा ल्याइएको छ। यस अनुसन्धान कार्यका सम्बद्ध मुख्य सामग्रीको छनोट सोद्देश्य नमुना छनोट विधिका आधारमा गरिएको छ।

### सैद्धान्तिक आधार

सीमान्त वर्गको केन्द्रीयतामा साहित्यिक कृतिको मूल्याङ्कन गर्नुपर्ने अभिमत प्रस्तुत गर्ने सिद्धान्त नै सीमान्तीयता हो । सत्ता, शक्ति र स्रोतमा पहुँच नभएको तथा सामाजिक, आर्थिक र राजनीतिक दृष्टिले दमनमा परेको व्यक्ति, लिङ्ग, वर्ग, समुदाय, जातजाति, क्षेत्र र राज्यलाई केन्द्रविन्दु मानी साहित्यिक कृतिको मूल्यनिरूपण गर्ने सैद्धान्तिक पर्याधार नै सीमान्तीय अध्ययन हो (बरई, २०८०, पृ. २४९) । दबिएका र दबाइएका व्यक्तिहरूको आवाजको खोजी यस अध्ययनमा गरिन्छ (राई, २०७८-२०७९, पृ. १५७) । हरेक दृष्टिले पछि परेको वर्ग नै सीमान्त वर्ग हो । शासक वर्गबाट दबाइएको र माथि उठ्न नसकेको तल्लो वर्गलाई ग्राम्सीले सीमान्त वर्ग मानेका छन् (गैरे, २०७८-२०७९, पृ. १९० मा उद्धृत) । यस्ता वर्ग र समुदाय समाजमा शासित, शोषित र उत्पीडित समुदायको

प्रतिनिधित्व गर्दछन् (बरई, २०७८, पृ. २०७) । सीमान्त वर्गलाई इतिहासमा समेत उपेक्षा गरिएको सन्दर्भलाई दृष्टिगत गर्दै सीमान्त वर्गलाई केन्द्रविन्दु बनाई नयाँ शिराबाट भारतीय इतिहासको पुनर्लेखन गर्नुपर्ने अभिमतका साथ सन् १९८२ मा रञ्जित गुहाको अगुवाइमा अक्सफोर्ड प्रकाशनको सहयोगमा *सबाल्ट्रन स्टडिज : राइटिङ अन साउथ एसियन हिस्ट्री एन्ड सोसाइटी* परियोजनाको प्रकाशनका माध्यमबाट सीमान्तीय अध्ययनको प्रारम्भ भएको हो (बराल, २०७३, पृ. ७२-१७३ मा उद्धृत) । यस अध्ययनको स्थापना र विकासमा गुहाका अतिरिक्त दिपेश चक्रवर्ती, ज्ञानेन्द्र पाण्डेय, पार्श्व चटर्जी, सुदीप्त कविराज, सुमित सरकार, सरोजिनी साहू, गायत्री चक्रवर्ती स्पिभाक, एड्वर्ड सइद आदिले महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ (शर्मा, २०७०, पृ. ३१८ मा उद्धृत) । यस अध्ययनलाई साहित्यिक मोड दिने काम गायत्री चक्रवर्ती स्पिभाकले गरेकी हुन् । सीमान्तीय अध्ययन भोल्युम चारमा 'लिटरेरी रिप्रिजेन्टेसन अफ् दि सबाल्टर्न' शीर्षक लेख प्रकाशन गराई गायत्रीले साहित्यसम्बन्धी विचार प्रस्तुत गरेकी हुन् (श्रेष्ठ, २०६८, पृ. ७ मा उद्धृत) भने उनको सन् १९८८ मा 'क्यान सबाल्टर्न स्पिक?' शीर्षक अर्को लेख पनि प्रकाशित छ । यी दुई लेखका माध्यमबाट उनले सीमान्तीय अध्ययनलाई साहित्यिक रूप दिएकी हुन् । उन (सन् २००५) ले वास्तविक सीमान्त वर्गमा महिलाहरू रहेका, उनीहरू हरेक दृष्टिले ठगिएका एवम् पढालेखा सीमान्तहरूले सीमान्त व्यवहारलाई त्यागी सभ्य समाजको भाषा र व्यवहार थाल्ने भएकाले उनीहरूबाट सीमान्त वर्ग र समुदायको प्रतिनिधित्व हुन नसक्ने तर्क पनि प्रस्तुत गरेकी छन् (पृ. ७९-८२) । उनले बौद्धिक वर्गले सतीलगायत अन्य सीमान्त समूहको प्रतिनिधित्व गर्नुका साथै तिनको हक र अधिकारका विषयमा बोल्ने र लेख्ने जिम्मेवारीलाई वरण गर्नुपर्ने विचार पनि व्यक्त गरेकी छन् (उप्रेती, २०६९, पृ. २८८ मा उद्धृत) । उन (सन् २००७) ले पूर्वीय महिलाहरूलाई अतिरिक्त श्रमको वास्तविक सेनाका रूपमा उल्लेख गर्दै नारीहरू समानता, विभिन्न प्रकारका सामाजिक परिवर्तनका लागि निरन्तर क्रियाशील रहनुपर्ने विचार पनि प्रस्तुत गरेकी छन् (पृ. ५०५-५०७) । थम्पसनले नारीको जैविकभन्दा सामाजिक रूपले विभेद गरिएको कुरा उल्लेख गरेका छन् (गडतौला, सन् २०१९, पृ. १७३ मा उद्धृत) । लैङ्गिक उत्पीडनले महिलाहरूको जीवनपद्धतिलाई पीडादायी बनाएको छ (बरई, सन् २०१९, पृ. २२६) । यस अध्ययनले सीमान्त समुदायको प्रतिनिधित्वलाई सर्वाधिक महत्त्व दिन्छ । उपर्युक्त तथ्यले यस अध्ययनले सीमान्त समुदायलाई कृतिअध्ययनको मुख्य आधार बनाउने कुरा स्पष्ट हुन्छ ।

कुनै वर्ग, समूह, क्षेत्र, जातजाति, धर्म, संस्कृति आदिको सहभागिता बोध गराउने कार्य नै प्रतिनिधित्व हो । रमेश भट्टराई (२०७०) ले साहित्यमा कुनै वर्ग, लिङ्ग, जाति र राष्ट्रियता भएको उपस्थितिका रूपमा प्रतिनिधित्वलाई चिनाएका छन् (पृ. १८) । यसैगरी मोहनराज शर्मा (२०७८) ले एकातिर सामान्यतया चुनेर पठाएको प्रतिनिधिले गर्ने कार्यलाई प्रतिनिधित्व मानेका छन् भने अर्कातिर कलमजीवीले भाषाका माध्यमबाट कसैलाई

प्रतिविम्बित गर्नुलाई पनि प्रतिनिधित्वका रूपमा अर्थ्याएका छन् (पृ. ९६) । त्यसैगरी गायत्री चक्रवर्ती स्पिभाकले सीमान्त समुदायले आफ्नो पक्षमा बोल्न नसक्ने भएकाले बुद्धिजीवीहरूले तिनको प्रतिनिधित्व गर्नुपर्ने विचार प्रवाहित गरेकी छन् (शर्मा, २०७०, पृ. ३१८ मा उद्धृत) । उपर्युक्त तथ्यहरूलाई वरण गर्दा साहित्यिक कृति सीमान्त लिङ्ग, व्यक्ति, वर्ग, समुदाय, क्षेत्र, राज्य आदिको प्रतिनिधित्व गर्ने महत्त्वपूर्ण आधार भएको तथा साहित्यकारहरूले आफ्ना कृतिका घटनावली र कार्यव्यापारमा विभिन्न भूमिकामा आबद्ध गरी प्रतिनिधित्व गराउने जानकारी प्राप्त हुन्छ ।

साहित्यिक कृतिमा सीमान्त व्यक्ति, वर्ग र समुदायको सक्रियतागत, परिणामगत र सीमान्तमैत्री विचारधारागत अवस्थाको प्रतिनिधित्व गराइए नगराइएको कुरालाई आधार बनाई साहित्यिक कृतिको अध्ययन गर्न सकिन्छ । साहित्यिक कृतिका विभिन्न तत्त्वहरूमा सीमान्त पात्रलाई महत्त्वपूर्ण भूमिका प्रदान गरी गराइने प्रतिनिधित्व नै सीमान्त वर्गको सक्रिय प्रतिनिधित्व हो । सीमान्त वर्ग र समुदायको सक्रिय प्रतिनिधित्व गराउने साहित्यिक विधाका रूपमा कथा पनि रहेको छ । कथाको संरचनाअन्तर्गत कथानक, पात्र, सारवस्तु र दृष्टिविन्दु गरी चार तत्त्व पर्दछन् (श्रेष्ठ, २०७९, पृ. २२) । संरचनाअन्तर्गतका यी चार तत्त्वले कथामा पात्रहरूको सक्रिय ढङ्गले सहभागी गराइएनगराइएको कुराको मूल्याङ्कन गर्ने कार्यमा सघाउँछन् । कथानकको गराइ, भनाइ र सोचाइ, द्वन्द्व, कथानकीय विकास, पात्रविधानको प्रमुख, सहायक र गौण एवम् कथाको केन्द्रीय र परिधीय पात्रको भूमिका, सारवस्तुको प्रस्तुतीकरण र बोधको माध्यम तथा दृष्टिविन्दु पात्र र गैरदृष्टिविन्दु पात्रको भूमिकामा संलग्न गराइने पात्रहरूको अवस्थाले पात्रहरूको सक्रिय वा निष्क्रिय प्रतिनिधित्वगत अवस्थाको द्योतन गर्दछ (बरई, सन् २०२३, पृ. १७८) । उपर्युक्त पक्षहरूको निर्धारणमा महत्त्वपूर्ण भूमिकामा सीमान्त पात्रलाई सहभागी गराउँदा कथात्मक संरचनामा सीमान्त पात्रहरूको सक्रिय प्रतिनिधित्व तथा उपर्युक्त पक्षहरूमा सीमान्त पात्रहरूको संलग्नता नगराउने अवस्थालाई सीमान्त पात्रको निष्क्रिय प्रतिनिधित्व मानिन्छ । उपर्युक्त तथ्यहरूलाई सामान्यीकरण गर्दा सीमान्त पात्रहरूको केन्द्रीयतामा कथाका कथानकयोजना, पात्रविधान, सारवस्तु र दृष्टिविन्दुजस्ता तत्त्वहरूको व्यवस्थापनका माध्यमबाट कथालाई परिपाकमा पुऱ्याउँदा कथामा सीमान्त वर्ग र समुदायको सक्रिय प्रतिनिधित्व हुने सार प्राप्त हुन्छ ।

कथान्तमा कथानकीय कार्यव्यापार र घटनावलीको प्रतिफलस्वरूप प्राप्त हुने नतिजालाई परिणाम भनिन्छ । कथामा संलग्न पात्रहरू कथाको समापनको अवस्थामा सबल वा दुर्बल देखिएका छन् वा सुखद् जीवनयापनतर्फ उन्मुख भएका छन् या दुःखदायी जीवन भोग्न विवश भएका छन् भन्ने आधारमा पात्रहरूको परिणामगत अवस्थाको मूल्याङ्कन गरिन्छ । कथामा संलग्न पात्रहरूको परिणामगत परिस्थिति समाहित हुनु नै परिणामगत अवस्थाको प्रतिनिधित्व हो । कथा दुःखान्त भए पात्रहरूको  परिणामगत अवस्था प्रतिकूल हुन्छ । कथान्तको परिणामअनुसार पात्रहरूको कमजोर र बलियो अवस्थाको प्रतिनिधित्व गरी

परिणामगत अवस्थाको प्रतिनिधित्वलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । कथान्तमा सीमान्त पात्रहरूको थप दुःख, पीडा, अभाव, चुनौती आदिको प्रतिफल भोग्ने प्रतिकूल परिस्थितिको अङ्कन गरिएको आख्यानात्मक प्रतिनिधित्व गराउने कार्य नै परिणामगत कमजोर अवस्थाको प्रतिनिधित्व हो । सीमान्त पात्रहरू कथाको अन्त्यमा पारिवारिक र सामाजिक तहमा थप पीडित बन्न र किनाराकृत अवस्थामा पुग्न विवश पारिएका छन्; दुःखान्त जीवन व्यतीत गर्ने परिस्थितिको सिर्जना भएको छ भन्ने कुरालाई आत्मसात् गरी कथामा सीमान्त पात्रहरूको परिणामगत कमजोर अवस्थाको प्रतिनिधित्वको अध्ययन गरिन्छ। यस कार्यले सीमान्त पात्रहरूको कथान्तको दुःखद र विषम परिस्थितिको अध्ययन गर्ने कार्यमा मदत पुऱ्याउँछ। कथान्तमा सीमान्त पात्रहरूको जीवन सुखद, समुन्नत र अनुकूल हुने सुहाउँदो परिस्थितिको सिर्जना भएको अवस्थाको प्रतिनिधित्व हुनुलाई सीमान्त पात्रको परिणामगत बलियो अवस्थाको प्रतिनिधित्व भनिन्छ । कथामा प्रयुक्त सीमान्त पात्रहरूको परिणामगत कमजोर वा बलियो अवस्थाको प्रतिनिधित्व गराइएनगराइएको अवस्थाको मूल्याङ्कनका आधारमा सीमान्त पात्रहरूको वास्तविक अवस्थाको मूल्याङ्कन गरिन्छ ।

सीमान्तीय अध्ययनले विचारधाराको प्रतिनिधित्वलाई बढी महत्त्व दिन्छ । एउटा वर्गविशेषको सोच र चिन्तन पद्धति विचारधारा हो । विचारधाराले संस्कृतिको उत्पादन गर्नुका साथै मानिसको आफ्नो स्वत्व र अस्तित्वबोध गर्ने चेतना पनि उसलाई प्रदान गर्ने विचार लुइस आल्थुसरको रहेको पाइन्छ (पाण्डेय, २०७०, पृ. १७८ मा उद्धृत) । यसैगरी एन्टोनियो ग्राम्सीले परम्परित बुद्धिजीवीले संस्थापन (प्रभुत्वशाली) पक्षको विचारधाराको समर्थन र आङ्गिक बुद्धिजीवीले प्रगतिशील वर्गलाई शक्ति, गति र अन्तर्दृष्टि प्रदान गर्ने अभिमत प्रस्तुत गरेका छन् (गौतम, २०७५, पृ. ४४ मा उद्धृत) । प्रत्येक साहित्यकार एक वर्ग विशेषको विचारलाई वरण गरी तत्कालीन समाजको अङ्कन गर्दछ । सम्भ्रान्तकेन्द्री साहित्यमा प्रभुत्वशाली वर्ग र समुदायको प्रभुत्वलाई संरक्षण गर्ने प्रकृतिको विचारधाराको प्रतिनिधित्व गराइएको हुन्छ भने सीमान्त वर्ग र समुदायको हक, अधिकार र न्यायको पक्षमा आधारित विचारधारालाई सम्प्रेषण गरिने साहित्यिक कृतिमा सीमान्त समुदायसँग सम्बद्ध विचारधाराको प्रतिनिधित्व गराइएको हुन्छ । सीमान्तीयताका यिनै सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा यस लेखलाई पूर्ण बनाइएको छ ।

## विश्लेषणको विधि र प्रारूप

गुणात्मक शोधविधिको उपयोग गरी प्रस्तुत लेखलाई पूर्ण बनाइएको छ । सीमान्तीय अध्ययनअन्तर्गतको सीमान्त वर्गीय प्रतिनिधित्वको सिद्धान्तलाई आधार बनाई बहुसत्यमाविश्वास गर्ने अनुसन्धान पद्धतिको उपयोग गरी सूचकअनुसारका भवानी भिक्षुको 'माधुरी नानी' कथाबाट सामग्री खोजी तिनको व्याख्या र विश्लेषण गरी यस लेखलाई सम्पन्न गरिएको छ । सक्रिय प्रतिनिधित्व (कथानक र पात्रविधान), परिणामगत कमजोर अवस्थाको प्रतिनिधित्व र विचारधारागत प्रतिनिधित्व गरी तीनओटा विश्लेषणीय प्रारूपको

केन्द्रीयतामा रही उक्त कथामा अङ्कित सीमान्त वर्गीय प्रतिनिधित्वको अध्ययन यस लेखमा गरिएको छ ।

## नतिजा र छलफल

भवानी भिक्षुको 'माधुरी नानी' कथामा अङ्कित सीमान्त वर्गीय प्रतिनिधित्वसम्बन्धी नतिजा र छलफललाई तलका उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

## सक्रिय प्रतिनिधित्व

भवानी भिक्षुको 'माधुरी नानी' कथाको कथानकयोजना र पात्रविधानको निर्मितिमा सीमान्त पात्र माधुरी नानीको केन्द्रीयता कायम गरी सीमान्त वर्गको सक्रिय प्रतिनिधित्व गराइएको छ । प्रस्तुत कथा अभिभावकीय स्वार्थलिप्साका कारण नैराश्यपूर्ण जीवन व्यतीत गर्न विवश माधुरी नानीको वैयक्तिक जीवनको प्रस्तुतीकरणमा आधारित रहेको छ । उक्त कथाको कथानकनिर्मितिमा माधुरी नानीको वैयक्तिक जीवनको केन्द्रीयता, कथाको कार्यव्यापार र द्वन्द्व तथा कथानकविकासमा उसकै अहम् भूमिका रहेको छ । कलिलै उमेरमा आर्थिक लाभका निम्ति अभिभावकद्वारा राणादरबारमा पुऱ्याइनु, इमानदारी र कार्यगत कुशलताका साथ काम गरी घरमालिकदेखि नोकरसम्मका व्यक्तिहरूलाई प्रसन्न तुल्याउनु, प्रजातन्त्रको प्राप्तिपश्चात् खस्कँदो आर्थिक अवस्थाका कारण जागिर गुमाई आफ्नो घर फर्कँदा उपेक्षित हुनु, कुनै युवकलाई आकर्षित गरी दाम्पत्यजीवनमा आबद्ध हुने उत्कट अभिलाषाबाट प्रेरित भई युवकको खोजीमा तल्लीन हुनु, पहिलापहिला दरबारबाट घर फर्कँदा आकर्षित भइरहने युवकलाई आकर्षित गर्न खोज्दा त्यस युवकबाट समेत उपेक्षित हुनु, गाउँका कुनै पनि युवकलाई आकर्षित गर्न नसक्दा पतिसुख प्राप्त हुन नसक्ने विषम परिस्थिति र घरपरिवारको उपेक्षाबाट आहत भई पुनः दरबारमै फर्कनु, दरबारमा ठाउँ नपाई पुनः घर फर्की नैराश्यपूर्ण, अभावग्रस्त र उपेक्षित जीवन व्यतीत गर्नुजस्ता माधुरी नानीको वैयक्तिक जीवनसँग सम्बद्ध विषयवस्तुको समन्वय र विस्तृतीकरणमा प्रस्तुत कथाको कथानकले पूर्णता प्राप्त गरेको छ । उल्लिखित तथ्यले उक्त कथाको कार्यव्यापारमा माधुरी नानीको प्रबलता रहेको कुरालाई प्रस्ट्याएका छन् । आफ्ना अभिभावकसँग असन्तुष्ट रहे पनि र उनीहरूले उपेक्षा गरे पनि उनीहरूप्रति रिसाए पनि उनीहरूका विरुद्धमा एक शब्द बोल्न नसक्ने माधुरी नानीको अवस्थाले यस कथाको बाह्य द्वन्द्वले सबलता प्राप्त गरेको देखिँदैन । रूपवती र गुणवती माधुरी नानीलाई दरबारभित्र र बाहिर अनेक युवक आकर्षित हुँदा उनीहरूलाई बेवास्ता गर्ने तथा दरबारबाट मुक्त हुँदाको अवस्थामा आफैले युवकहरूलाई आकर्षित गर्दा स्वयम् ऊ नै उपेक्षित हुँदा विगत र वर्तमानको परिस्थितिको बोध गरी असह्य पीडाबोध गर्ने एवम् सम्पूर्ण संसारलाई आश्रयहीन ठान्ने उसको मनस्थितिले उसको अन्तर्द्वन्द्वलाई प्रस्ट पारेको छ ।

'माधुरी नानी' कथाको कथानकविकासमा माधुरी नानीसँग सम्बद्ध पक्षको महत्त्वपूर्ण भूमिका रहेको छ । अभिभावकद्वारा माधुरी नानीलाई राणादरबारमा पुऱ्याइने कार्यव्यापारले यस कथाको कथानकको प्रस्तावना र अभिमुखीकरण एवम् राणादरबारमा कामदारको कटौती गर्ने परिस्थितिले सङ्घर्षविकासमा मदत पुऱ्याएका छन् । यसैगरी राणादरबारबाट माधुरी नानीको बहिर्गमन हुनु, घरपरिवारबाट उपेक्षित हुनु, उसमा पतिसुखको उत्कट अभिलाषा उत्पन्न हुनु, उसप्रति कुनै युवक आकर्षित नहुनु, आजीवन दरबारमै बस्ने मानसिकताबाट प्रेरित भई पुनः दरबारमा पुग्नुजस्ता कार्यव्यापारले अन्य सङ्कटावस्था एवम् मालिकले दरबारमा ठाउँ (रिक्त दरबन्दी) नभएको कुरा व्यक्त गर्ने कार्यव्यापारले यस कथाको चरमोत्कर्षताको विकास गरेका छन् । त्यसैगरी माधुरी नानीको दरबारबाट पुनः वहिर्गमन हुने अवस्थाले सङ्घर्षह्रास तथा मानवसंसारलाई आश्रयहीन ठान्ने कुराको अनुभूति गर्ने माधुरी नानीको मानसिक अवस्थाले फलप्राप्तिको विकासमा महत्त्वपूर्ण भूमिका वरण गरेका छन्, यसर्थ यस कथाको कथानकनिर्मितिमा सीमान्त पात्र माधुरी नानीको केन्द्रीयता रहेको कुरा सिद्ध हुन्छ ।

भवानी भिक्षुको 'माधुरी नानी' कथाको पात्रविधानमा सीमान्त पात्र माधुरी नानीको प्रमुखता कायम गरिएको छ । अभिभावकीय स्वार्थलिप्सा, कमजोर आर्थिक अवस्था र स्वयम् आफ्नै सचेतताको अभावका कारण अस्तित्वहीन र नैराश्यपूर्ण जीवन व्यतीत गर्न विवश माधुरी नानीको चरित्राङ्कनमा आधारित यस कथाको संरचना, चरमोत्कर्षता र भूमिकामा माधुरी नानीकै प्रमुखता रहेको छ । आर्थिक लाभ गर्ने दृष्टिले दस वर्षकै उमेरमा अभिभावकीय स्वार्थपूर्तिका निम्ति राणादरबारमा पुगी सम्पन्नतायुक्त ढङ्गले सुसारेको जीवनयापन गरिरहँदा खस्कँदो आर्थिक अवस्थाका कारण दरबारबाट बाहिरिई घरपरिवारबाट उपेक्षित भई कुनै पनि युवकलाई आकर्षित गर्नामा समेत असफल भई एकल जीवनयापन गर्न बाध्य माधुरी नानीको पूर्ण उपस्थिति प्रस्तुत कथाको संरचनाको आद्यन्त भागमा पाइन्छ । माधुरी नानीका आमाबुवा र दाजु, मालिक, मालिक्नी, कामदार र सुसारे, युवक, युवकहरूजस्ता पात्रहरूको उपस्थिति प्रस्तुत कथाको आंशिक भागमा मात्र पाइन्छ । दरबारबाट कटौतीमा परी घर फर्कँदा घरपरिवार र गाउँले युवकहरूबाट उपेक्षित भई दाम्पत्यसुख र जीवनयापन गर्ने आधार नदेखी दरबारमै शेष जीवन व्यतीत गर्ने अभीष्टका साथ पुनः दरबार पुगेकी माधुरी नानीलाई दरबारमा रिक्त दरबन्दी नभएको कुराको जानकारी राणामालिकले गराएको विषयले यस कथाको चरमोत्कर्षताको विकास गरेको छ । यस कथाको चरमोत्कर्षताले माधुरी नानीको बाँच्ने सबै आधार बाधित भएको र उसको शेष जीवन थप कष्टकर र सङ्घर्षपूर्ण रहने कुराको सङ्केत पनि गरेको छ । भूमिकाका दृष्टिले प्रमुख, आसन्नताका दृष्टिले मञ्चीय, आबद्धताका दृष्टिले बद्ध तथा शक्ति र पहुँचका कोणले किनाराकृतजस्ता चारित्रिक वैशिष्ट्य अवलम्बन गर्ने माधुरी नानीको केन्द्रीयतामा यस कथाको पात्रविधानको निर्मिति गरिएको छ ।

'माधुरी नानी' कथामा संलग्न माधुरी नानीका आमाबुवा र दाजु, मालिक, मालिक्नी, कामदार र सुसारे, युवक, युवकहरूजस्ता सबै पात्रहरूको भूमिका पनि माधुरी नानीकै केन्द्रीयतामा निर्क्योल गरिएको छ । छोरी माधुरी नानीलाई दरबारमा पुऱ्याई अर्थलाभ गर्ने सन्दर्भमा माधुरी नानीका आमाबुवा तथा माधुरी नानीलाई दरबारमा पुऱ्याउने र पटकपटक रकम बुझ्न दरबार जाने एवम् बहिनीलाई घर र दरबारमा ओहोरदोहोर गराउने कार्यमा दाजुको भूमिका निर्धारण गरिएको छ । यसैगरी माधुरी नानीलाई सुसारेका रूपमा स्थान दिई उसको कार्यकुशलताबाट प्रभावित भई यथेष्ट उपहार प्रदान गर्ने र अर्थ सङ्कटका कारण उसलाई जागिरबाट मुक्त गर्ने विषयमा राणामालिक, माधुरी नानीप्रति सहानुभूति राख्ने कार्यमा मालिक्नी तथा माधुरी नानीको कर्मशील र सहयोगी स्वभावप्रति आशावान् रहने सन्दर्भमा अन्य कामदार र सुसारेको भूमिका निर्क्योल गरिएको छ । त्यसैगरी दरबारबाट घर ओहोरदोहोर गर्दा माधुरी नानीलाई हेर्ने र उसलाई प्रेम गर्न खोज्ने तर उत्तरवर्ती समयमा माधुरी नानीले उक्त युवकलाई प्रेम गरी जीवनसाथी बनाउनाका निम्ति प्रयत्न गर्दा उसलाई उपेक्षा गर्ने कार्यमा युवक तथा अधिपछि माधुरी नानीप्रति आकर्षित भए पनि दरबारबाट मुक्त भई प्रेमी बनाउनाका निम्ति माधुरी नानीले आकर्षित गर्न खोज्दा बेवास्ता गर्ने कार्यव्यापारमा अन्य युवकहरूको भूमिकाको निर्धारण प्रस्तुत कथामा गरिएको छ । उल्लिखित तथ्यले प्रस्तुत कथाको संरचना, चरमोत्कर्षता र भूमिकामा सीमान्त पात्र माधुरी नानीकै प्रमुखता रहेको कुरालाई सिद्ध गरेका छन ।

## परिणामगत कमजोर अवस्थाको प्रतिनिधित्व

भवानी भिक्षुको 'माधुरी नानी' कथाकी सीमान्त पात्र माधुरी नानीको परिणामगत कमजोर अवस्थाको प्रतिनिधित्व गराइएको छ । नेपालमा २००७ सालको राणाविरोधी आन्दोलन सफल भई प्रजातन्त्रको स्थापना हुँदाको अवस्थामा राणा परिवारहरूको खस्कँदो आर्थिक अवस्थाका कारण रोजगारी गुमाई घर फर्किएकी माधुरी नानी पारिवारिक र सामाजिक तहमा अपहेलित र अपमानित हुन पुग्दछे । दरबारबाट ल्याइएका लुगाकपडा र शृङ्गारका प्रसाधनहरू सकिँदै गएको तथा परिवारका सबै सदस्यले उपेक्षा र अपमान गरिरहेको परिस्थितिबाट आहत भई दरबारबाट अधिपछि घर फर्कँदाको अवस्थामा प्रेम गर्न खोज्ने नवयुवक तर माधुरी नानीले उक्त युवकलाई महत्त्व नदिए पनि बेरोजगार भई घरमा किनाराकृत हुँदाको अवस्थामा त्यसै युवकलाई प्रेमी बनाई उसैलाई जीवनसाथी बनाउने अभीष्टका साथ उसलाई आकर्षित गर्न खोज्दा उसले पनि बेवास्ता गर्नु, अन्य युवकहरूलाई आकर्षिक गर्न खोज्दा पनि कुनै युवकद्वारा मन नपराइनुले पारिवारिक र सामाजिक तहमा युवतीको दुर्दिन आएको कुरालाई प्रस्ट्याएको छ । कुनै युवकलाई आकर्षित गर्न नसक्दा तथा घरपरिवारको अपमान र तिरस्कारलाई सहन नसकी राणादरबारमा पुनः फर्की विनापारिश्रमिक शेष जीवन त्यहीँ बिताउने लक्ष्यका साथ दरबार जाँदा त्यहाँ पनि ठाउँ पाउन नसकी पुनः घर फर्कन बाध्य हुने अवस्थाले पारिवारिक र सामाजिक स्तरमा

माधुरी नानीको जीवन थप चुनौतीपूर्ण, पीडादायी, अभावमय र अपमानयुक्त बन्ने कुरालाई छर्लङ्ग्याएको छ । मान्छेले आफ्नो जीवनमा अभावजन्य परिस्थितिको सामना गर्नुपर्दा जीवनप्रति नै  निस्सारताबोध गरिरहेको हुन्छ (न्यौपाने, सन् २०२३, पृ. २०४) । दरबारमा आश्रय पाउन नसकी घर फर्कँदाको अवस्थामा माधुरी नानीले स्मरण गरेका प्रस्तुत कथाको “माधुरी नानीको भित्र केवल एउटै चेतना शेष थियो कि, ‘यस यत्रो संसारका सारा महलअटाली, अड्डा अदालत, घरझुप्रो र यस्तै राजारानी, साहूमहाजन, जागिरे खेतीवाल र कहाँसम्म भने हलीगोठालोकहाँ पर्यन्त माधुरी नानीलाई कहीँ पनि ठाउँ खाली छैन ! जम्मै टनाटन छन् !’ .....उनी आफ्नो ओछ्यानपर्यन्त छाम्न थालिन् -“त्यहाँ पनि खाली छैन कि ?” (पृ. ८१) भन्ने अन्तिम कथांशमा घटित घटनावली र कार्यव्यापारले माधुरी नानीको दुःखद र प्रतिकूल अवस्थागत परिणामको स्पष्ट सङ्केत गरेका छन् । उपर्युक्त तथ्यहरूलाई सामान्यीकरण गर्दा प्रस्तुत कथाको कथान्तको अन्तिम परिणामलाई हेर्दा उक्त कथाको सीमान्त पात्रको अत्यन्त कमजोर प्रकृतिको परिणामगत अवस्थाको प्रतिनिधित्व गराइएको सार प्राप्त हुन्छ ।

## विचारधारागत प्रतिनिधित्व

भवानी भिक्षुको ‘माधुरी नानी’ कथामा पितृसत्तात्मक समाजमा महिलाप्रति गरिने लैङ्गिक विभेद, उत्पीडन र औपनिवेशीकरणलाई आलोचनात्मक ढङ्गले प्रस्तुत गरी सीमान्तमैत्री विचारधाराको प्रतिनिधित्व गराइएको छ । पितृसत्ताले महिलालाई पुरुषको हितका निम्ति उपयोग गरिने वस्तु वा प्राणीसमान व्यवहार गर्दछ (ढकाल, सन् २०२३, पृ. १९२) । पितृसत्तात्मक समाजमा पुरुषलाई बलियो र शासक तथा महिलालाई कमजोर र शासित मानिन्छ (पौड्याल, २०७८-२०७९, पृ. २००) । समाजमा महिलालाई मूल्यहीन ठान्ने, दोस्रो श्रेणीको मान्ने र उपेक्षाका कोणले हेर्ने प्रवृत्ति पनि पाइन्छ (न्यौपाने, २०७८-२०७९, पृ. ७) । समाजले महिला र पुरुषका बिचमा विभेद ल्याई नारीउत्पीडनको अवस्था सिर्जना गर्दछ (शर्मा, २०७८-२०७९, पृ. ५५) । माधुरी नानीलाई कलिलै उमेरमा राणादरबारमा सुसारेका रूपमा पठाई उसले गरेको आम्दानी प्राप्त गरी जीविकोपार्जन गर्ने अभिभावकका रूपमा उसका आमा, बुवा, दाजुजस्ता उसका घरपरिवारका सदस्यहरू रहेका छन् । भविष्यनिर्माण गर्ने बेलामा उसलाई सुसारेका रूपमा पठाई उसको बालश्रम शोषण गर्नुका साथै उसलाई बालअधिकारबाट वञ्चित तुल्याइएको कुराको अभिव्यक्ति उक्त कथामा गरिएको छ । उसका अभिभावकले उसको सुन्दरतालाई आधार बनाई आफ्नो स्वार्थपूर्तिका निम्ति राणादरबारमा पठाएको कुरालाई प्रस्तुत कथाको “बरु राम्ररी छोरीलाई चाकरीमा लगाई रिझाएर बढ्ता मान, पावर हत्याउने लोभ नै हो कि यस्तरी आफ्नी घरकी शोभा सुषमालाई अर्काकहाँ पठाउन सकिएको” (पृ. ९१) भन्ने कथांशले प्रस्ट्याएको छ । छोरीलाई सम्पत्तिआर्जनको साधन बनाएका उसका परिवारका अभिभावकहरूले ऊ बेरोजगार भई घर फर्कँदा उसको चरम अपमान र अवहेलना गर्दै उसलाई चरम विभेदमा

पार्दछन् । एकातिर उसका आवश्यकताका विषयमा उसका परिवारका सदस्यहरूले कुनै चासो देखाउँदैनन्, भने अर्कोतिर उसको भविष्यका विषयमा पनि कुनै निर्णय गर्दैनन्, बरु उसलाई घरबाट बाहिर निस्कन सक्ने विषम परिस्थितिको पनि सिर्जना गर्दछन् । प्रस्तुत कथाको “आजभोलि घरका दाजुभाउजूहरू त के आमाबाबुपर्यन्तले उसको यस्तरी अप्रत्यक्ष अवहेलना गर्न थालेका छन्, जसलाई न त औँल्याउन सकिन्छ, न त्यस विषयलाई च्वाट्ट समातेर आक्रोश अथवा क्षोभ नै व्यक्त गर्न सकिन्छ” (पृ. ९६) भन्ने कथांशले माधुरी नानीका अभिभावकले उसप्रति गरेको अपमानलाई प्रस्ट्याएका छन् । घरपरिवारका सदस्यहरूले उसलाई पूर्ण रूपले उपेक्षित तुल्याउँदा ऊ आफै अघि सरी प्रेमीको खोजीमा लागेको र युवकद्वारा समेत उपेक्षित भएको कुराको चित्रण उक्त कथामा गरिएको छ । अतः प्रस्तुत कथामा तत्कालीन अवस्थामा युवतीप्रति अमानवीय र लैङ्गिक विभेदयुक्त व्यवहार गरी उसलाई मानव र महिलाअधिकारका साथ बाँच्न पाउनुपर्ने अधिकारबाट वञ्चित तुल्याइएको प्रतिकूल अवस्थालाई आलोचनात्मक ढङ्गले प्रस्तुत गर्दै समाजबाट लैङ्गिक विभेदलाई हटाउनुपर्ने तथा सीमान्त वर्ग  लैङ्गिकविभेदरहित लैङ्गिक समता र मानवअधिकारका साथ जीवनयापन गर्न पाउनुपर्ने विचारधाराको प्रतिनिधित्व उक्त कथामा गराउन खोजिएको निष्कर्ष प्राप्त हुन्छ ।

## निष्कर्ष

भवानी भिक्षुको ‘माधुरी नानी’ कथामा सीमान्त पात्रको सक्रिय प्रतिनिधित्व, परिणामगत कमजोर अवस्थाको प्रतिनिधित्व र विचारधारागत प्रतिनिधित्वसँग सम्बद्ध तथ्यहरूको प्रस्तुतिका माध्यमबाट सीमान्त वर्गसँग सम्बन्धित संवेदनशील समस्यालाई पाठकसमक्ष पुऱ्याई लैङ्गिक समतायुक्त समाजको परिकल्पनागत लोकमङ्गलकारी विमर्शको अभिव्यक्ति गरिएको छ। प्रस्तुत कथाको कथानकयोजना र पात्रविधानको निर्मितिमा पारिवारिक र सामाजिक तहमा किनाराकृत अवस्थामा रहेको सीमान्त पात्रको केन्द्रीयता कायम गरी सीमान्त वर्गसँग सम्बद्ध संवेदनशील समस्यालाई अत्यन्त सशक्त र प्रभावान्वितिपूर्ण ढङ्गले उठान गरी उक्त समस्याको समाधानतर्फ मानवसमाज केन्द्रित हुनुपर्ने विमर्शको प्रस्तुति गर्न खोजिएको छ । यसैगरी कथान्तका दृष्टिले सीमान्त पात्रको परिणामगत कमजोर अवस्थाको प्रतिनिधित्व गराई मानवसमाजमा मानवीय संवेदना, जवाफदेहिता र करुणाको सञ्चार गरी सीमान्त समुदायलाई न्यूनतम मानवीय व्यवहारका साथ जीवनयापन गर्ने प्रकृतिको पारिवारिक र सामाजिक परिवेशको निर्मिति हुनुपर्ने विचारको प्रस्तुति गरिएको छ। त्यसैगरी लैङ्गिक समविकासको अवधारणाको प्रस्तुति तथा सीमान्त वर्गका समस्या समाधान गरी मानव जीवनलाई सुखद र समुन्नत बनाउनाका लागि सीमान्त वर्गअनुकूलको पारिवारिक र सामाजिक परिवेशको निर्मिति गर्नुपर्ने विमर्शको उद्घोष उक्त कथाका माध्यमबाट गरिएको छ । अतः सीमान्त समुदायसँग सम्बद्ध पारिवारिक, सामाजिक र सांस्कृतिक समस्यालाई समाधान गरी सीमान्त समुदायलाई मानवअधिकारका साथ जीवनयापन गर्ने पारिवारिक

र सामाजिक परिवेशको निर्मिति गरी सीमान्त र प्रभुत्वशाली वर्गबिचको विषमता हटाई समतामूलक समाजको स्थापना गर्नुपर्ने र त्यस कार्यबाट मानवीय श्रेष्ठता कायम भई लोकहित हुने सचेतताको सञ्चार प्रस्तुत कथामा गरिएको एवम् यस्तो लोककल्याणकारी विमर्शलाई प्रभावान्वितिपूर्ण ढङ्गले पाठकसमक्ष पुऱ्याउने विशिष्ट सिर्जनात्मक सामर्थ्य कथाकार भवानी भिक्षुमा रहेको तथा बौद्धिक वर्ग सामाजिक न्यायका निम्ति प्रतिबद्ध रहनुपर्ने सार प्राप्त हुनु नै यस लेखको निष्कर्षात्मक प्राप्ति हो ।

## कृतज्ञताज्ञापन

प्रस्तुत लेख 'मैयाँसाहेब कथासङ्ग्रहका कथामा सीमान्तीयता' शीर्षकमा केन्द्रित रही लघु अनुसन्धानका क्रममा तयार पारिएको हो । उक्त अध्ययनका क्रममा विद्वत्वृत्ति र प्राज्ञिक परामर्शका निम्ति त्रिभुवन विश्वविद्यालय, अनुसन्धान निर्देनाशलय, शिक्षाध्यक्षको कार्यालयप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

## सन्दर्भ सामग्री

उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा,* (चौधौँ संस्क.), काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

गड्तौला, नारायणप्रसाद (सन् २०१९), 'नेपाली कवितामा नारीचेतना', *Tribhuvan University Journal, 33*(2), 171-186. https://doi.org/10.3126/tuj.v33i2.33644.

गैरे, शङ्करप्रसाद (२०७८–२०७९), 'पिँधको मान्छे कवितामा सीमान्तीय अभिव्यक्ति', *Prajna Journal, 123*(1), 187-197. https://doi.org/10.3126/prajna.v123i1.50109.

गौतम, कृष्ण (२०७५), *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

ढकाल, रजनी (सन् २०२३), 'उत्तवर्ती नेपाली निबन्धमा पर्यावरणीय चेतना', *Tribhuvan University Journal, 38*(1), 185-199. https://doi.org/10.3126/tuj.v38i01.56216.

न्यौपाने, भागीरथा (२०७८–२०७९), 'नेपाली उपन्यासमा प्रयुक्त विभेदक उखान', P*rajna Journal, 123*(1), 1-12. https://doi.org/10.3126/prajna.v123i1.50109.

न्यौपाने, श्रीधर (सन् २०२३), 'शिरीषको फूल र डापी उपन्यासमा अस्तित्ववादी निस्सारता', *Tribhuvan University Journal, 38*(1), 200-211. https://doi.org/10.3126/tuj.v38i01.56218.

पाण्डेय, ताराकान्त (२०७०), 'संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद', *भृकुटी* (भाग १९), पृ. १७३–१९३ ।

पौड्याल, शालिकराम (२०७८–०७९), 'छाउपडी उपन्यासमा लैङ्गिकता', *Prajna Journal, 123*(1), 198-207. https://doi.org/10.3126/prajna.v123i1.50280.

बरई, त्रिभुवन (सन् २०१९), 'एउटा छर्लङ्ग कथामा नारीवादी स्वर', *Tribhuvan University Journal, 33*(2), 223-232. https://doi.org/10.3126/tuj.v33i2.33653.

बरई, त्रिभुवन (२०७८), 'साल्गीको बलात्कृत आँसु कथामा बाह्यसीमित दृष्टिविन्दुको प्रयोग', *Curriculum Development Journal, 29*(43), 197-214. https://doi.org/10.3126/cdj.v29i43.41090.

बरई, त्रिभुवन (सन् २०२३), 'अनुराधा उपन्यासमा लैङ्गिकता', *Tribhuvan University Journal, 38*(1), 170-183. https://doi.org/10.3126/tuj.v38i01.56215.

बरई, त्रिभुवन (२०८०), *भवानी भिक्षुका कथामा दृष्टिविन्दु,* त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत गरिएको अप्रकाशित शोधप्रबन्ध । https://doi.org/10.1340/RG.2.2.24378.61122.

बराल, ऋषिराज (२०७३), *मार्क्सवाद र सबाल्टर्न अध्ययन,* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७०), 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू', *भृकुटी* (भाग १९, असार),पृ.३३५-३६४ ।

भिक्षु, भवानी (२०६३), *मैयाँसाहेब,* -पाँचौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

राई, यशोदा (२०७८–०७९), 'खगेन्द्र सङ्ग्रौलाका कथामा प्रतिरोधी चेतना', *Prajna Journal, 123*(1), 154-165. https://doi.org/10.3126/prajna.v123i1.50254.

शर्मा, तुलसी (२०७८–०७९), 'उत्सर्ग उपन्यासमा लैङ्गिकता', *Prajna Journal, 123*(1), 54-65. https://doi.org/10.3126/prajna.v123i1.50116.

शर्मा, मोहनराज (२०७०), 'अवर्जन अध्ययन र साहित्य', *भृकुटी* (भाग १९), पृ. ३१५–३२५ ।

शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ कोड,* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

श्रेष्ठ, दयाराम (२०७९), *कथादर्शन,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

Spivak, G. C. (2005). Can the subaltern speak. *Colonial discourse and post colonial theory*. Patrick W. & Laura C. (eds). New York :Coiumbia university press, pp. 66-111.

Spivak, G. C. (2007). Femnism and critical theory. *Modern criticism and theory*. David L. & Nigel W. (eds). Noida: Person India education services Pvt Ltd. pp. 493-511.